## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः २ मितिः २०८१/०३/१३

## भाग-२

**<u>जैमिनी नागरिक स्वास्थ्य उपचार कोष २०८१ संचालन कार्यबिधि</u>**

**२०८१**

**जैमिनी नगरपालिका**

# <u>जैमिनी नागरिक स्वास्थ्य उपचार कोष २०८१ संचालन कार्यबिधि</u>

## प्रस्तावनाः

जैमिनी नगरपालिकाको स्थानिय स्वास्थ्य सेवा ऐन २०८१को दफा ४४ बमोजिम नागरिक स्वास्थ्य उपचार कोष २०८१ संचालनका लागि यो कोष परिचालन कार्यविधी तयार गरिएको छ। नेपालको संविधानको धारा ३५ मा ब्यवस्था भएको स्वास्थ्य सम्बन्धी हकलाई कार्यान्वियन गर्न नगर क्षेत्रभित्रका नागरिकहरुको स्वास्थ्य समस्याको पहिचान र निदान गर्न र नागरिकहरुको आर्थिक समस्या कारण बिरामीको उपचारमा बन्चित हुन बाट बचाउन औषधी उपचार बापत आर्थिक सहायता उपलब्ध गराउन एक छुट्टै कोष स्थापना गर्ने उद्धेश्यले कोषको गठन तथा संचालन गर्न बाञ्छनिय भएकोले यो कार्यविधी बनाई लागु गरिएको छ।

## १ संक्षिप्त नाम र प्रारम्भः

१) यस कार्यविधिको नाम **जैमिनी नागरिक स्वास्थ्य उपचार कोष २०८१** संचालन निर्देशिका रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाको निर्णय पछि तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः** विषय बा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

१) **कोष** भन्नाले जैमिनी नगरपालिकामा स्थायी बसोबास गर्ने नागरिकहरुका लागि नागरिक स्वास्थ्य उपचार कोष सम्झनु पर्दछ।

२) **प्रमुख** भन्नाले जैमिनी नगरपालिकाका नगरप्रमुखलाई सम्झनु पर्दछ।

३) **उपप्रमुख** भन्नाले जैमिनी नगरपालिकाका नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

४) **प्रमुख प्रशासकिय अधिकृत** भन्नाले जैमिनी नगरपालिका प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

५) **स्वास्थ्य संस्था** भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका ईजाजत पत्र लिएका सरकारी, गैह्रसरकारी,निजी,सामुदायीक र सहकारी रुपमा संचालित स्वास्थ्य संस्था जनाउछ।

६) **नगरसभा** भन्नाले जैमिनी नगरपालिकाको नगरसभालाई सम्झनुपर्दछ।

७) **नगर कार्यपालिका** भन्नाले जैमिनी नगरकार्यपालिकालाई सम्झनुपर्दछ।

८) **वडा अध्यक्ष** भन्नाले जैमिनी नगरपालिकाका सम्बन्धीत वडाको वडा अध्यक्षहरुलाई सम्झनुपर्दछ।

९) **वडा सचिब** भन्नाले जैमिनी नगरपालिकाको सम्बन्धीत वडाको वडा सचिवहरुलाई सम्झनुपर्दछ।

१०) **कडा रोग** भन्नाले यस कार्यबिधीको बुँदा ४ (क) मा उल्लेखित रोगहरुलाई सम्झनुपर्दछ।

११) **निवेदन** भन्नाले दफा २ (क) बाट निवेदकले स्वास्थ्य उपचार कोषबाट लाभ लिनका लागि कार्यविधीको अनुसुची १ बमोजिमको निवेदनलाई सम्झनुपर्दछ।

## ३. जैमिनी नागरिक स्वास्थ्य उपचार कोषको उदेश्यः

१) आर्थिक अभाबका कारण उपचारको बन्चितिमा परेका नागरिकलाई स्वास्थ्य उपचार गराउन आर्थिक साहायता उपलब्ध गराउनु।

२) सबै नागरिकलाई स्वास्थ्य उपचार कोषमा स्वेच्छिक आबद्ध गराउनु।

३) स्वास्थ्य उपचार कोष संचालन सम्बन्धी प्रकृयालाई सरल स्पष्ट र पारदर्शी बनाउने।

४) निवेदकले स्वास्थ्य उपचार कोषबाट लाभ लिनका लागि पेश गरेको निवेदन संग संलग्न कागजातको आधारमा रोगको प्रकृति अनुसार को अबस्थाको आधारमा राहात तथा औषधी उपचार बापत आर्थिक सहायता उपलब्ध गराउने।

५) नगर क्षेत्रको कुनै भाग वा समुदायमा आउन सक्ने कुनै माहामारी संक्रमण वा अन्य त्यस्तै प्रकारको स्वास्थ्य जोखिमको तत्कालिन न्युनिकरणको लागि सहयोग पुयाउने।

६) दफा ४ को १,२, र ३ मा उल्लेखित रोगको उपचारमा सहयोग गर्ने।

७) अति विपन्न तथा जेष्ठ नागरिकहरुको पीडादायी जीवनलाई सरल र सहज बनाउन सहयोग पुयाउने।

८) आर्थिक विपन्नताले गर्दा स्वास्थ्य उपचार गर्न नसकेका विरामीहरुलाई स्वास्थ्य संस्था वा अस्पतालमा पुयाई तत्काल हुने क्षतिबाट जोगाउने।

## ४. जैमिनी नागरिक स्वास्थ्य उपचार कोष औषधी उपचार बापत आर्थिक सहायताको क्षेत्र

१) नगरपालिकाका नागरिकहरुमा मुटुरोग, क्यान्सर रोग, अल्जाइमर रोग, पार्किन्ससरोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकल सेल एनिमिया, रोगका बिरामीका साथै मृगौला रोगको acute renal failure र chronic renal failure जस्ता कडा रोग लागेका विरामीहरुलाई सरकारले तोकेका अस्पतालमा उपचार गराउँदा वडा कार्यालयको सिफारिस र कोष संचालन समितिको निर्णय बमोजिम औषधी उपचार सहायता उपलब्ध गराइनेछ।

२) मृगौला प्रत्यारोपण, डाईलाईसिस क्यान्सर र स्पाईनल ईन्जुरीका विरामीहरुको निरन्तर उपचार गर्नपर्ने अबस्थामा समेत औषधी उपचार सहायता उपलब्ध गराइनेछ

३) दफा ४ को उपदफा १ र २ मा उल्लेखित रोगहरु बाहेक अन्य सामान्य रोग लागि उपचार गराउन परेमा निबेदकले अस्पतालमा उपचार गर्दा लागेको खर्चको बिल भरपाई कोष संचालन समितिमा पेश गरि समितिको निर्णय अनुसार उपचार सहुलियत उपलब्ध गराईनेछ।

४) स्वदेशको सरकारी अस्पतालमा वा  जनस्वास्थ्य बोर्डले सुचिकृत  गरेका अस्पतालमा  उपचार गराउने विरामीले मात्र यस कार्यविधी अन्तर्रगतको सुविधा पाउनेछन।

५) महामारी वा स्वास्थ्य सम्बन्धी कुनै प्रकोप आएमा कोषमा रहेको बचत रकमबाट समितिले निर्णय  गरे बमोजिम महामारी प्रकोप  ब्यबस्थापनको लागि Rapid Response Team (RRT) लाई सहायता दिन सकिनेछ।

६) एक जना बिरामीलाई एक भन्दा बढी तोकिएका कडा रोगको उपचारका लागि सिफारिस माग भएमा सोही बमोजिम उपचार सहायता दिन सकिनेछ।

## ५. जैमिनी नागरिक स्वास्थ्य उपचार कोषको संचालन समिति सम्बन्धी ब्यवस्था

१) नगरपालिकामा जैमिनी नागरिक स्वास्थ्य उपचार  कोषको संचालन समिति सम्बन्धी ब्यवस्था

क) नगरपालिकामा जैमिनी नागरिक स्वास्थ्य उपचार कोष संचालनका लागि स्थानीय जनस्वास्थ्य बोर्डमा ब्यवस्था भए अनुसारको तपशिलको  संचालन समिति  हुनेछ।

१. नगर प्रमुख  - अध्यक्ष

२.नगरउपप्रमुख- उपाध्यक्ष

३. प्रमुख प्रशासकिय अधिकृत   -सदस्य

४.सामाजिक बिकास समितिको संयोजक –सदस्य

५.कानुन शाखा प्रमुख वा कानुनी सल्लाहाकार- सदस्य

६.शिक्षा शाखा प्रमुख - सदस्य

७. प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सक प्रतिनिधि -सदस्य

८. स्वास्थ्य शाखा प्रमुख- सदस्य सचिव

आवश्यकता अनुसार विषय बिज्ञ लाई  आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ।

ख)  बुँदा ५ को १ (क) बमोजिम गठित कोष सञ्चालन समितिको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ

**२) समितिको काम कर्तव्य र अधिकार।**

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१) नागरिकहरुले उपचारको लागि आवश्यक कागजात सहित दिएको निवेदन संकलन गर्ने।

२) उपचार खर्च माग गर्ने लाभग्राहीले अनुसुची १ बमोजिम पेश गरेको निवेदन र अन्य कागजातका आधारमा राहत दिन सकिने वा नसकिने ब्यहोरा एकिन गरि सोही बमोजिम निर्णय गर्ने ।

३) राहत वितरणको निर्णय गर्दा दफा ४ अनुसारको विवरण एकिन गरि स्वास्थ्य उपचार खर्च वितरण सम्बन्धी निर्णय गर्ने ।

४) समितिको निर्णयबाट खर्च भएको औषधी उपचार कोषको खर्च रकम विवरण महिना समाप्त भएपछि बस्ने नगरकार्यपालिकाको बैठकमा राख्ने ।

५) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

६) समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्यसम्पादन गर्दा सम्बन्धित क्षेत्रका बिशेषज्ञ बा निकाय संग परामर्श लिन सकिनेछ ।

## ६) कोषको ब्यवस्थापनः

१) जैमिनी नागरिक स्वास्थ्य उपचार कोषको नाममा नगरपालिकाले आफुले कारोवार गर्ने बैकमा एउटा छुट्टै खाता खोली रकम जम्मा गर्ने छ । जसमा नगरसभाको निर्णयबाट देहायका रकमहरु जम्मा हुनेछन

१) नगरपालिकाको आन्तरिक आयबाट जैमिनी नागरिक स्वास्थ्य उपचार कोषका लागि छुट्टाईने बार्षिक रकम ।
२) नगरपालिकाका सबै जनप्रतिनिधि, कर्मचारीहरु, शिक्षकहरु बाट स्वेच्छिकरुपमा प्राप्त हुने रकम ।
३) दातृ निकाय, गैरसरकारी संस्था सामाजिक संघ संस्थाबाट प्राप्त हुने रकम ।
४) जैमिनी नागरिक स्वास्थ्य उपचार कोषमा योगदान गर्न ईच्छुक ब्यक्ति बाट प्राप्त हुने रकम ।
५) अन्य क्षेत्र बाट प्राप्त हुने रकम
६) बिभिन्न मेला महोत्सव महायज्ञ च्यारिटी बाट प्रप्त हुने रकम
७) नगरसभा बाट निर्णय भए बमोजिम एक आर्थिक बर्षका लागि एक पटक मात्र कोषमा एकमुष्ट रकम जम्मा गरिनेछ । तर रकम अपुग भई कोष सञ्चालन समितिले माग गरेमा नियमानुसार रकम थप गर्न सकिनेछ ।

२) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक नगरका लेखा प्ररिक्षण शाखाबाट हुनेछ ।

३) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

४) कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सोही प्रयोजनको नागरिकको उपचारमा बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्ने पाइने छैन ।

५) कोषको रकम खर्च गर्दा यस निर्देशिकामा तोकिए बमोजिम र अन्य कुराको हकमा जैमिनी नगरपालिका आर्थिक ऐन ,२०८० र सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

## ७) कोषको संचालन

१) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

२) कोषबाट तोकिए बमोजिम बाहेक अन्यत्र खर्च गर्न पाउने छैन।

## ८) लाभग्राहीले पेश गर्नु पर्ने निवेदन र अन्य आवश्यक कागजातहरुः

१) लाभग्राहीले अनुसुची १ बमोजिमको ढाँचामा निवेदन ।

२) निवेदन साथ सरकारी वा समितिले सुचिकृत गरेका अस्पतालका मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सकको उपचार कार्ड (प्रेस्क्रिप्सन ) तथा उपचारमा खर्च भएका सम्पुर्ण सक्कलै बिलहरु ।

३) सम्बन्धित बिरामीको नागरिकताको प्रमाणपत्र वा नाबालकको हकमा जन्मदर्त्ता प्रमाणपत्र।

४) सम्बन्धित बिरामीको बैकको चेकको फोटोकपी।

५) सम्बन्धित वडा कार्यालयबाट माथि उल्लेखित कागजात सहितको सिफारीस पत्र।

निवेदन र तोकिएका अन्य कागजातहरु प्राप्त भएपछि मात्र समितिको बैठकमा पेश गरिनेछ।

## ९)कोषको प्रतिबेदन तथा लेखा परिक्षण

१) कोष परिचालनको प्रतिबेदन वार्षिक रुपमा नगरकार्यपालिका मार्फत नगरसभा बाट अनुमोदन गराउनु पर्नेछ।

२) कोषको प्ररम्भिक लेखा परीक्षण नगरको अलेप शाखा र अन्तिम लेखा परिक्षण म ले प को कार्यालयले गर्नेछ।

## १०) खारेजी र बचाउः

१) यस कार्यविधीमा ब्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, जैमिनी नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन २०८१,जैमिनी नगरपालिकाको आर्थिक ऐन र र सार्वजनिक खरिद ऐन२०७३,तथा नियमावली २०६४ लगायत प्रचलित कानुन संग बाझिन गएको हकमा स्वतः खारेज हुनेछ।

२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा नगरपालिकाको संचित कोषमा स्वतःदाखिला हुनेछ।

<u>अनुसुची १</u>

**( जैमिनी नागरिक स्वास्थ्य उपचार कोष संचालन तथा ब्यवस्थापन कार्यविधी २०८० को दफा ८ संग सम्बन्धित )**

श्रीमान नगरप्रमुख ज्यु

जैमिनी नगरकार्यपालिकाको कार्यालय

कुश्मीसेरा बागलुङ ।

विषयः स्वास्थ्य उपचार कोषवाट उपचार खर्चका लागि निवेदन पेश गरिएको सम्बन्धमा ।

जैमिनी नगरपालिका वडा न. …………. बस्ने …………. …………….. को श्रीमती ।छोरा ।छोरी बुहारी । नाति । नातिनी वर्ष को म ……….. ………. लाई ………… रोग लागेको र उक्त रोगको उपचार गर्न मेरो आर्थिक अबस्थाले नपुग्ने भएकोले तपसिलमा उल्लेख गरिएका कागजातहरु संलग्न राखी नगरपालिकाबाट सहायता रकम पाउन यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरु**

१) वडा कार्यालयले स्थानियबासी भनेर प्रमाणित गरेको वडा कार्यालयको सिफारीस पत्र,

२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा नाबालकको हकमा जन्मदर्त्ता प्रमाण पत्रको प्रतिलिपि,

३) सरकारी वा समितिले सुचिकृत गरेका अस्पतालका मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सकको उपचार कार्ड (प्रेस्क्रिप्सन ),

४) सम्बन्धित बिरामीको बैकको चेकको फोटोकपी र

५) विल भरपाईको सक्कल विल थान ।

निवेदक

दस्तखतः

नामः

ठेगानाः

मितिः